सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

**आदेश**

**विषयः- उत्प्रेषण परमादेश।**

**०८२-WO-१४५०**

| | |
|---|---|
| मोनी कुमार अङ्गारीको छोरी झापा जिल्ला, दमन नगरपालिका वडा नं. ३ स्थित बेलडाङ्गी शरणार्थी शिविर-।।। सेक्टर A(1) हट नं. २५ बस्ने वर्ष २५ की सोनिका अङ्गारी----१ | रिट |
| ऐ. को छोरी ऐ.ऐ. बस्ने वर्ष २४ की सन्ध्या अङ्गारी----------१ | निवेदक |
| ऐ. को छोरा ऐ.ऐ. बस्ने वर्ष १९ को श्रीजन अङ्गारी----------१ | |

**विरूद्ध**

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं१ | |
| नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं----------१ | |
| गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय एकाई, सिंहदरबार, काठमाडौं----------१ | विपक्षी |
| जिल्ला प्रशासन कार्यालय, झापा----------१ | |

नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको आदेश यस प्रकार रहेको छः

**तथ्य खण्ड**

१. हामी निवेदकहरू भुटानी शरणार्थी परिवारमा, झापा जिल्ला, दमक नगरपालिका वडा नं. ३ स्थित बेलडाङ्गी शरणार्थी शिविर-।।। सेक्टर A(1) हट नं. २५ मा, जायजन्म भएका शरणार्थी दिदी भाइ हौं। सन् १९९० को दशकमा भुटानमा भएको दमन र मानव अधिकारको चरम उल्लङ्घन भएका कारण पिता सहितका परिवार शरणार्थीका रुपमा नेपाल आउन बाध्य

हुनु भई नेपाल सरकारले तोकें बमोजिम झापा जिल्लाको शरणार्थी शिविरमा परिवारसहित बस्दै आएका थियौं। शरणार्थी सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय उच्च आयुक्त (UNHCR) को तेस्रो देश पुनर्स्थापना कार्यक्रम अन्तर्गत हामीहरुका पिता मोनी कुमार सन् २०१५ मा भुटानी शरणार्थीको हैसियतले र आमा गिता गिरी सन् २०२४ मा शरणार्थीको श्रीमतीको हैसियतले नेपाल सरकार तथा अन्तर्राष्ट्रिय समुदाय तथा शरणार्थी सम्बन्धी संस्थाहरु बीचको सहमती बमोजिम तेस्रो मुलुक संयुक्त राज्य अमेरिकामा पुनर्स्थापित भई सोही देशको नागरिक समेत भइसक्नु भएको छ। हाम्रा माता पिता संयुक्त राज्य अमेरिका गई सोही देशको नागरिक भई बसेकाले हामी निवेदक छोराछोरी समेत अमेरिका गई एकै स्थानमा बस्ने योजना बनाई आवश्यक कागजात, नाता प्रमाणित प्रमाणपत्र, पिताको शरणार्थी प्रमाणपत्र, माता पिता संयुक्त राज्य अमेरिकाको नागरिक भएको पुष्टि हुने निस्सा, अमेरिकी सरकारको प्रतिबद्धता सहितको पत्र समेत संलग्न गरी विदेश जाने निकास अनुमति (Exit Permit) को लागि गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, झापामा पटक पटक उपस्थित भई लिखित निवेदन पेश गरेकोमा समेत हामीहरुले दिएको निवेदनउपर कुनै कारवाही गरिएन। हामी यो देशका नागरिक नभएको, आफ्ना परिवारसँग मेल हुन पाउनु र हामीलाई तेस्रो देशले आफ्नो देशमा पुनर्स्थापना गरी नागरिकको हैसियत दिन स्विकार गरेको हुँदा सो तेस्रो देशको नागरिक अधिकार उपभोग गर्न पाउनु हाम्रो नैसर्गिक अधिकार हो। असुरक्षित शरणार्थीको रुपमा हामी नेपालमा बसिरहन नसक्ने, हाल हामी जस्ता भुटानी शरणार्थी UNHCR को संरक्षणमा नरहेको, हामी नेपाललाई पर्दै आएको शरणार्थीको अनावश्यक भार घटाउन उद्दत रहेको समेतबाट तेस्रो देशमा पुनर्स्थापनाको अवसर पाएका हामी निवेदकलाई सो कार्यक्रम अन्तर्गत निकास अनुमति (Exit Permit) दिनु नेपाल र हामी निवेदक दुबैको लागि हितकर हुनुका साथै अत्यावश्यक समेत रहेको छ। तसर्थ हामी निवेदकहरुलाई पुनर्वासको निमित्त तेस्रो देश निकास अनुमति (Exit Permit) पत्र दिनु दिलाउनु भनी विपक्षीहरुका नाममा नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम परमादेश लगायतको जो चाहिने उचित आज्ञा आदेश जारी गरी पाउँ भनी **सोनिका अङ्गारी समेतको तर्फबाट मिति २०८३।२।२६ मा यस अदालतमा दायर हुन आएको रिट निवेदन।**

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने भए सोको मनासिब आधार कारण र भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र

सर्वोच्च अदालत
काठमाडौं

महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। साथै प्रस्तुत निवेदनको विषयवस्तुको प्रकृति समेतलाई मध्येनजर गर्दा चाडो निरुपण हुनुपर्ने प्रकृतिको देखिँदा लिखित जवाफ परेको ७ दिनभित्र पेशीमा प्राथमिकतासहित सुनुवाइ हुने सुनिश्चितता हुने गरी सुनुवाइको लागि पेश गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिएको छ, नियमानुसार गर्नु भन्ने **यस अदालतबाट मिति २०८३।२।२७ मा भएको आदेश।**

३. निवेदनमा उल्लेख गरिएको विषयमा यस कार्यालयको के कस्तो संलग्नता रहेको हो र के कस्तो काम कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा हनन हुन गएको हो भन्ने सम्बन्धमा निवेदकले निवेदनमा कहिँकतै उल्लेख गर्न नसक्नु भएकाले प्रस्तुत निवेदन प्रथमदृष्टमै खारेजभागी छ भन्ने समेत व्यहोराको **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट परेको लिखित जवाफ।**

४. निवेदकहरुको भुटानी शरणार्थी शिविरमा जन्म भएको, निजहरुको बुवा शरणार्थी भएको र तेस्रो मुलुक पुनःस्थापना कार्यक्रम अन्तर्गत तेस्रो मुलुकमा पुगे पश्चात शरणार्थीको विवरण अभिलेखबाट लगत कट्टा भएको तर निवेदकहरुको आमाको नाम यस शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाईमा रहेको शरणार्थी व्यवस्थापन प्रणाली (ReMIS) अभिलेखमा देखिन नआएकोले निवेदकहरु समेत शरणार्थी भए नभएको यकीन गर्न पर्याप्त आधार नरहेको भई निज निवेदकहरुको हकमा शरणार्थीको हैसियतमा निकास अनुमति सम्बन्धी प्रक्रिया अघि बढाउनु पर्ने नदेखिएको भन्ने समेत एकै व्यहोराको विपक्षी मध्येका **नेपाल सरकार, गृह मन्त्रालय र स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको तर्फबाट पर्न आएको पृथक पृथक लिखित जवाफ।**

५. रिट निवेदकहरुले मिति २०८३।२।६ मा यात्रा अनुमति पत्रको लागि सिफारिस गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिनु भएको हो। यस जिल्ला प्रशासन कार्यालय तथा गृह मन्त्रालयमा पटक पटक आफैं उपस्थित भई मौखिक तथा लिखित निवेदन पेश गरेकोमा लामो समयसम्म कुनै कारवाही नभई यत्तिकै रहिरहेको भन्ने निवेदकले निवेदन गर्नु भएकोमा निजहरुको विवरण शरणार्थी व्यवस्थापन सूचना प्रणाली (Refugee Management Information

System) मा दर्ता नभएकोले निजहरुलाई सो यात्रा अनुमतिको लागि सिफारिस गर्न नसकिएको हो। निजहरुको विवरण दर्ता नभएको अवस्थामा यस कार्यालयबाट यात्रा अनुमतिको सिफारिस गर्न नसकिएको विषयलाई लिई यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने समेत व्यहोराको विपक्षी मध्येको **जिल्ला प्रशासन कार्यालय, झापाको तर्फबाट पर्न आएको लिखित जवाफ ।**

**आदेश खण्ड**

६. नियमबमोजिम पेसी सूचीमा समावेश भई निर्णायार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिलसंलग्न कागजातहरुको अध्ययन गरियो।

७. रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री दिपेन्द्र कुमार खतिवडा र श्री दिपक अधिकारीले रिट निवेदकहरुका पिता भुटानी शरणार्थीको रुपमा नेपालमा दर्ता भई बस्दै आएकोमा निज UNHCR को पुनर्स्थापना कार्यक्रम अन्तर्गत सन् २०१५ मा संयुक्त राज्य अमेरिकामा जानु भएको र भुटानी शरणार्थीको श्रीमतीको हैसियतले सन २०२४ मा निवेदकहरुको आमा समेत सोही देशमा जानु भएकोमा विवाद छैन। आफ्नो अभिभावक रहेको देशले निवेदकहरुलाई लैजान स्विकृत दिएको अवस्थामा निवेदकहरुको जन्म दर्ता नेपालमा भएको र निजहरुको परिवारको सदस्य पुष्टि हुने नाता प्रमाणित समेतका कागजात सहित निवेदन गर्दा नेपाल सरकारबाट निकास अनुमतिपत्र प्रदान गर्ने नगर्ने सम्बन्धी कुनै निर्णय नगरी निवेदनलाई यथास्थितिमा राखिदिएको कारण परिवारसँग रहन पाउने अवसरबाट निवेदकहरु वञ्चित हुनुपरेको अवस्था छ। यसबाट निवेदकहरुको मानव अधिकार तथा नेपालको संविधानले प्रदत्त गरेको सम्मानपूर्वक बाँच्न पाउने तथा समानताको हकको हनन भएको अवस्था हुँदा निवेदकहरुलाई निकास अनुमतिपत्र प्रदान गराई पाउन विपक्षीहरुको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी हुनु पर्ने हो भनी बहस प्रस्तुत गर्नु भयो।

८. विपक्षीको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोलाले निवेदकहरुका पिता भुटानी शरणार्थी भए पनि निज संयुक्त राज्य अमेरिकामा पुनर्स्थापना भई निजको नाम शरणार्थीको अभिलेखबाट कट्टा भइसकेको, आमा गीता गिरीको नाम शरणार्थीको अभिलेखमा नरहेको अवस्था हुँदा अनुमति प्रदान हुन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुनु पर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

९. प्रस्तुत रिट निवेदनमा भुटानी शरणार्थीको रुपमा नेपालमा बस्दै आउनु भएको बुवा मोनी कुमार UNHCR को पुनःस्थापना कार्यक्रम अन्तर्गत सन् २०१५ मा र आमा गीता गिरी

शरणार्थीको श्रीमतीको हैसियतले सन् २०२४ मा संयुक्त राज्य अमेरिकामा स्थायी बसोबासको लागि जानु भएको र निवेदकहरु माता पिता सँगै बस्ने इच्छा आवश्यकता बमोजिम नेपाल बाहिर जाने अनुमतिको लागि (Exit Permit) माग गर्दा अनुमति नदिई हामीहरुको नेपालको संविधानको धारा १६, १८, ३९ तथा मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६ को धारा १२(२) लगायत प्रदत्त हक अधिकारको हनन भएको हुँदा देश बाहिर जाने अनुमति (Exit Permit) दिनु भनी विपक्षीहरुको नाममा परमादेश लगायतको आदेश जारी हुन माग रहेकोमा अध्यागमन ऐन, २०४९, नियमावली, २०५१ र कार्यविधि, २०६५ बमोजिम निवेदकहरुका पिता भुटानी शरणार्थी भएको र तेस्रो मुलक पुनःस्थापना कार्यक्रम अन्तर्गत तेस्रो मुलुक पुगेपश्चात शरणार्थीको विवरण अभिलेखबाट लर्गत कट्टा भएको तर निजहरुका आमाको नाम शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाइमा रहेको शरणार्थी व्यवस्थापन प्रणाली (ReMIS) अभिलेखमा देखिन नआएकोले निवेदकहरुलाई शरणार्थीको हैसियतमा निकास अनुमति दिन नसकिएको भन्ने विपक्षीहरुको लिखित जवाफ रहेको देखियो।

१०. उपरोक्त तथ्य सहितको रिट निवेदन, लिखित जवाफ एवं बहस जिकीर रहेको प्रस्तुत रिट निवेदनमा मुलतः देहायको प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियोः

क) निवेदकहरुले नेपाल बाहिर प्रस्थान गर्न निकास अनुमति (Exit Permit) को लागि आवश्यक कानूनी प्रकृया अवलम्बन गरेको हो वा होइन?

ख) निवेदकहरुको आमा राष्ट्रिय इकाईमा रहेको शरणार्थी व्यवस्थापन प्रणाली (ReMIS) को अभिलेखमा नदेखिनु मात्रै Exit Permit को निमित्त निवेदकहरु अयोग्य हुन सक्दछन वा सक्दैनन् ? र

ग) रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

११. निरुपण गरिनुपर्ने पहिलो प्रश्नका सन्दर्भमा विचार गर्दा, अध्यागमन ऐन, २०४९ अन्तर्गत बनेको अध्यागमन नियमावली, २०५१ को नियम १६ बमोजिम नेपालबाट बाहिर प्रस्थान गर्दा प्रस्थान फारम भरी अध्यागमन कार्यालयमा बुझाउनुपर्ने र उक्त प्राप्त फारम अध्यागमन विभागमा पठाउनुपर्ने व्यवस्था रहेको देखिन्छ। साथै नियम १४ मा वैध राहदानी र प्रस्थान गर्ने भएको देशमा प्रवेश गर्नका लागि भिसा नभएको वा नेपालबाट प्रस्थान गर्नबाट रोक लगाउनको लागि कुनै अधिकार प्राप्त अधिकारीबाट कारण सहितको जानकारी प्राप्त भएमा नेपालबाट प्रस्थान गर्न विभाग वा अध्यागमनले रोक लगाउन सक्ने प्रावधान रहेको

देखिन्छ। त्यसैगरी अध्यागमन कार्यविधि, २०६५ को दफा ८.२७ र दफा ८.२८ ले नेपालमा बसोबास गर्ने शरणार्थीले प्रस्थान अनुमति प्राप्त गर्न शरणार्थी समन्वय इकाईमार्फत सिफारिस गरी गृह मन्त्रालयसँग समन्वय गरी अध्यागमन विभागबाट कागजात परीक्षण गरी प्रस्थानको अनुमति प्रदान गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ।

१२. रिट निवेदकहरु सोनिका अङ्क्षारी, सन्ध्या अङ्क्षारी र श्रीजन अङ्क्षारीको बाजेको नाम चन्द्र बहादुर अङ्क्षारी, बाबुको नाम मनि कुमार अङ्क्षारी र आमाको नाम गीता गिरी भएको जिल्ला झापास्थित दमक नगरपालिका, वडा नं. ३, स्थानीय पञ्जीकाधिकारीको कार्यालयबाट जारी गरिएको मिसिल संलग्न निजहरुको जन्म दर्ताको प्रतिलिपिबाट देखिन्छ। साथै सोही वडाबाट प्रेषित नेपाली र अङ्ग्रेजी दुवै भाषामा बाबु मनि कुमार अङ्क्षारी, आमा गीता गिरि, छोरी सोनिका अङ्क्षारी, छोरी सन्ध्या अङ्क्षारी र छोरा श्रीजन अङ्क्षारी उल्लेख गरी निजहरुको फोटो समेत प्रमाणित गरी नाता खुलाई सिफारिस गरिएको समेत देखिन्छ। यसबाट निवेदकहरुका बाबु मनि कुमार अङ्क्षारी रहेकोमा विवाद रहेन। मनि कुमार अङ्क्षारी भुटानी शरणार्थी (शरणार्थी नम्बर ५३४-०३९९३५००) रहेको र तेस्रो देश पुनःस्थापना कार्यक्रम अन्तर्गत संयुक्त राज्य अमेरिकामा गई सोही देशको नागरिक भएको तथा आमा समेत शरणार्थीको श्रीमतीको रुपमा सन् २०२४ मा संयुक्त राज्य अमेरिकामा गएकोमा समेत विवाद रहेन। रिट निवेदकहरु निजकै सन्तान छोराछोरी रहेको तथ्य निजहरुको जन्म दर्ता, नाता सिफारिस, झापा जिल्लास्थित शरणार्थी शिविरको सिफारिस तथा निवेदकहरुको डि.एन.ए. परीक्षण पत्रबाट समेत स्थापित हुन आएको छ।

१३. निवेदकहरुका पिता भुटानी शरणार्थीको रुपमा नेपाल आएकोमा निवेदकहरुको नेपालस्थित बेलडाँगी शिविरमा जन्म भएको अवस्थामा UNHCR को सामूहिक पुनर्स्थापना कार्यक्रम अन्तर्गत निजहरुको बुवा संयुक्त राज्य अमेरिका पुनर्स्थापित भएका र UNHCR को सामूहिक पुनर्स्थापना कार्यक्रम सन् २०१६ मा स्थगन भएको भन्ने देखिन्छ। निज निवेदकहरु संयुक्त राज्य अमेरिकामा पुनर्स्थापनाको लागि आवेदन दिएकोमा नेपाल सरकार, गृह मन्त्रालयबाट निकास अनुमति प्राप्त भएको खण्डमा तुरुन्त भिसा जारी गरी अमेरिकी नागरिकता प्रदान गर्नेतर्फ आवश्यक कार्य गर्ने भनी प्रतिबद्धता सहितको पत्र अमेरिकी सरकारबाट जारी भएको देखिन्छ। उक्त बमोजिम निकास अनुमति पत्र (Exit Permit) का लागि जिल्ला प्रशासन कार्यालय, झापा तथा गृह मन्त्रालयमा लिखित रुपमा निवेदन दर्ता गराएकोमा अनुमति हुने वा नहुने सम्बन्धमा कुनै कारवाही नभएको भन्ने समेत देखिन्छ।

१४. उल्लिखित तथ्य तथा कानूनी व्यवस्थाहरुबाट निवेदकले आवश्यक कागजात सहित सो बारे गृह मन्त्रालयमा निवेदन दिई औपचारिक रुपमा दर्ता भएको भन्ने विपक्षीहरुको लिखित जवाफबाट समेत देखिन्छ। यसरी निवेदकहरुले विद्यमान कानूनले निर्दिष्ट गरेको सम्पूर्ण विधि प्रक्रिया पुरा गरी आफ्नो तर्फबाट प्रारम्भिक दायित्व निर्वाह गरेको अवस्थामा प्राप्त भएका कागजातहरु परीक्षण गरी कारणसहित उक्त प्रस्थान अनुमति जारी हुने वा नहुने भनी निर्णय दिनुपर्ने अनिवार्यता भएकोमा समेत सो बारे सम्बन्धित निकायबाट कुनै निर्णय भएको देखिएन। प्रशासनिक अवरोधले पारिवारिक पुनर्मिलनको निमित्त आवश्यक निकास अनुमति रोक्नु सारभूत अधिकारको उलंघन हो। यस्ता कार्य शरणार्थीको परिवारको देश छोड्ने अधिकार र परिवारको अधिकारको रचनात्मक उलंघन ठहर्छ। (This is a constructive violation of the right to leave country and right to family.)

१५. जहाँसम्म निवेदकहरुको आमा शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाईमा रहेको शरणार्थी व्यवस्थापन प्रणाली (ReMIS) को अभिलेखमा नदेखिएकोले निवेदकहरुको हकमा प्रकृया अघि बढाउन नसकिएको भन्ने प्रत्यर्थीहरुको लिखित जवाफको सम्बन्धमा विचार गर्दा, यसमा निवेदकहरुको बाबु मनि कुमार भुटानी शरणार्थी र आमा गीता गिरी नेपाली नागरिक रहेको देखियो। भुटानी शरणार्थी मनि कुमार अङ्गारीसँग वैवाहिक सम्बन्धबाट निवेदकहरुको जन्म भएको विवाह दर्ता नाता प्रमाणपत्र तथा डि.एन.ए. परीक्षणबाट स्थापित भएको र आमा स्वयं शरणार्थीको हैसियतले सन् २०२४ देखि अमेरिका मै रहे भएको देखिएबाट नेपाली नागरिक आमा ReMIS मा दर्ता नहुनु मात्र निजका सन्तान अर्थात रिट निवेदकहरुलाई नेपाल बाहिर प्रस्थान गर्न निकास अनुमति (Exit Permit) दिन प्रशासनिक रुकावट गर्नु उचित देखिएन।

१६. रिट निवेदकहरुको तर्फबाट पेश भएको प्रस्थान अनुमति सम्बन्धी निवेदन ग्रहण गरी सो उपर आवश्यक कागजातहरुको परीक्षण, प्रशासनिक मुल्याङ्कन तथा प्रचलित कानूनबमोजिम स्पष्ट र उचित समयमा कारणयुक्त निर्णय दिनुपर्ने दायित्व सम्बन्धित निकायहरुमा निहित रहेको र उक्त दायित्व स्वेच्छाचारी नभई बाध्यकारी भएकोमा विवाद रहेन। निवेदन प्राप्त भईसकेपछि त्यसलाई अनिश्चित रुपमा रोकि राख्ने वा कारण नदिई निष्क्रिय अवस्थामा राख्नु जिम्मेवारपूर्ण व्यवहार भएको मान्न सकिदैन। शरणार्थीको सन्तान रहेकोमा विवाद नरहेकोमा ती बालबालिकालाई देश छोड्न अनुमति अस्विकार्नुको अर्थ कानूनी पुनर्वास (Lawful

settlement), पारिवारिक पुनर्मिलन (Family Reunification) तथा सुरक्षित आवगमन (Safe passing) को अवरोध हो।

१७. अब माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होईन भन्ने विषयमा विचार गर्दा, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि (ICCPR, १९६६) अन्तर्गत प्रत्याभूत आवगमन स्वतन्त्रता, पारिवारिक जीवनको संरक्षण तथा देश छोड्ने अधिकार सम्बन्धी प्रावधानहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको आधारभूत मानकका रूपमा स्थापित भई अन्तर्राष्ट्रिय प्रथागत मानव अधिकारका मानकहरु (customary international human rights norms) को रुपमा स्थापित भईसकेका छन्। यसबाट शरणार्थीको स्वतन्त्र आवगमन र पारिवारिक पुनर्मिलनमा अनावश्यक, असंगत वा कारणविहीन अवरोध सिर्जना गर्न नदिने मापदण्डहरु बाध्यकारी मानक (binding normative framework) को रुपमा स्थापित भएको अवस्थामा नेपाल लगायत कुनै पनि राज्यले पुनर्स्थापना प्रक्रियामा अवरोध सिर्जना नगरी उक्त प्रक्रियालाई अझ सहजीकरण गर्ने दायित्व बहन गर्नुपर्ने हुन्छ। बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २२[1] ले शरणार्थी बालबालिका वा शरणार्थीको हैसियत खोजिरहेका बालबालिकालाई उचित संरक्षण र मानवीय सहायता प्रदान गर्नुपर्ने कुराको सुनिश्चितता गरेको छ। सुरक्षा वा पुनर्वासका लागि आवश्यक पर्ने देश छोड्ने अनुमति अस्विकार गर्दा स्वास्थ्य, शिक्षा, उचित विकासको अधिकारमा समेत असर पर्दछ। पारिवारिक पुनर्मिलनको सिद्धान्त (Principle of Family Reunification) अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी दस्तावेजहरुले प्रवर्द्धन गरेको शरणार्थी सम्बन्धी महत्वपूर्ण सिद्धान्त हो। बाबु आमासँग पुनर्मिलन रोक्नुको अर्थ पारिवारिक एकता कायम राख्ने प्रतिकृयाको उलंघन हो। हुनत आवगमन र पुनर्वासको स्वतन्त्रता राज्यको आफ्नै सार्वभौम निर्णय र नियन्त्रणको विषय हो। तर देश छोड्न अनुमति रोक्नु, असम्भव कागजहरु माग्नु अन्तर्राष्ट्रिय संरक्षणका सिद्धान्त

---

[1] (१) पक्ष राष्ट्रहरुले लागू हुने अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरु अनुसार शरणार्थीको हैसियत खोजिरहेको वा शरणार्थी मानिने बालबालिकाले आफ्ना बाबुआमा वा अन्य कसैसँग बसे पनि वा नबसे पनि प्रस्तुत महासन्धिमा र ती राष्ट्रहरु पक्ष भएका अन्य अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवतावादी लिखतहरुमा उल्लिखित सम्बन्धित अधिकारहरुको प्रयोग गर्दा समुचित संरक्षण र मानवतावादी सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न समुचित उपायहरु अपनाउनेछन्।, (२) यस उद्देश्यको लागि, पक्ष राष्ट्रहरुले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता बालबालिकालाई संरक्षण तथा सहयोग गर्न र कुनै शरणार्थी बालबालिकाको आमा बाबु वा निजको परिवारको अन्य सदस्यहरु पत्ता लगाउने कार्यमा संयुक्त राष्ट्र संघ तथा संयुक्त राष्ट्र संघलाई सहयोग गर्ने अन्य सक्षम अन्तरसरकारी संगठनहरु वा गैर सरकारी संगठनहरुबाट गरिएका कुनैपनि प्रयत्नहरुमा पक्ष राष्ट्रहरुको उपयुक्त ठाने अनुसारको सहयोग प्रदान गर्नेछन्। बाबुआमा वा परिवारका अन्य कुनै पनि सदस्यहरु पत्ता नलागेको अवस्थामा, यस महासन्धिमा व्यवस्था भए अनुरुप कुनै कारणबाट स्थायी वा अस्थायी रुपमा आफ्ना पारिवारिक वातावरणबाट बञ्चित अन्य कुनै बालबालिकाले पाए सरहको समान संरक्षण सो बालबालिकालाई दिइनेछ।

तथा तेस्रो मुलुकमा शरणार्थीको पुनर्वासको सम्झौतासँग बाझिन्छ। यस्तो कार्य केवल प्रशासनिक निष्कृयता मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून बमोजिमको सकारात्मक कानूनी दायित्व पालना नगर्नु पनि हो। यस्तो कार्य जिम्मेवार निकायको अकर्मण्यता (Omission)। र कानूनी शासन (Rule of Law) को सिद्धान्त प्रतिकुल भएको मान्नुपर्ने हुन्छ। जुन लोक कल्याणकारी राज्यको लागि शोभनीय हुँदैन र यस किसिमका निकाय र पदाधिकारीले त्यस्तो कार्य गर्नु कानूनी शासन प्रतिकूल कार्य हो। जहाँ राज्यको सकारात्मक दायित्व रहन्छ त्यहाँ सरकार मुक दर्शक भएर बस्न मिल्दैन। शरणार्थी परिवारको पुनर्मिलनको निमित्त रहेको अवरोध हटाउन उचित र आवश्यक सहजीकरण गर्नुपर्दछ।

१८. यसै प्रकृतिको गोपीकृष्ण नेपाल समेत विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत रहेको (०८२-WO-१३३०) नं. को परमादेशको रिट निवेदनमा यस अदालतबाट, *"निवेदकले आफ्नो तर्फबाट सम्पूर्ण आवश्यक प्रक्रिया पुरा गरेको तर सन्बन्धित प्रशासनिक निकायहरुले कानूनद्वारा अपेक्षित निर्णयात्मक दायित्व पुरा नगरी कर्तव्य पालना नगरेकोले निवेदकलाई प्राप्त हुनुपर्ने कानूनी तथा मानवीय अवसरको प्रभावकारी कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिंदा निवेदकको माग कानूनसंगत, मानवीय तथा न्यायोचित देखिन्छ। तसर्थ निवेदक लगायत निवेदकको परिवारको नाममा जारी भएको क्यानाडाको Permanent Resident एकतर्फी यात्रा अनुमतिपत्र (One Way Travel Document) को म्याद सन् २०२६ जुन २० (२०८३।३।६) सम्म रहेको हुँदा सो अगावै निर्णय गरी निवेदकलाई जानकारी दिनु भनी प्रत्यर्थीहरुको नाममा परमादेश जारी गरिदिएको छ।"* भनी आदेश जारी भएको देखिन्छ। प्रस्तुत रिट निवेदन यसै प्रकृतिको रहेको देखिँदा उक्त निवेदनमा भएको आदेश प्रस्तुत रिट निवेदनमा समेत सान्दर्भिक भई आकर्षित हुने देखिन्छ।

१९. प्रस्तुत निवेदनमा UNHCR अन्तर्गतको पुनर्स्थापना कार्यक्रम अन्तर्गत Family Sponsorship Program मा निवेदकहरुले आवेदन दिएकोमा Embassy of USA ले, "The Consular section of the U.S. Embassy has processed the immigrant visa applications for the three children of U.S. citizen Moni Kumar Ahankari." भनी उल्लेख भएको साथै सोही पत्रमा, "The children will be issued immigrant visas by the Consular Section of the U.S. Embassy if they are able to submit to our office Nepali travel documents issued by the Government of Nepal or if the Government of Nepal can confirm it will allow the three applicants to exit Nepal with the immigrant visa attached to form DS-232. The U.S. Department of State attaches U.S. visas to form DS-232 in some cases when an

applicant is unable to obtain a passport or travel document." भनी उल्लेख भएको पत्र प्राप्त गरिसकेपछि निवेदकहरुले आफ्नो तर्फबाट आवश्यक प्रक्रिया पूरा गरी अनुमति प्राप्त गर्न निवेदन दर्ताको लागि प्रचलित अध्यागमन सम्बन्धी कानूनी व्यवस्था अनुसार आफूले निर्वाह गर्नुपर्ने सम्पूर्ण प्रारम्भिक तथा प्रक्रियागत दायित्व पूर्ण रूपमा पूरा गरेको नै देखिन आयो।

२०. यसरी मिसिलका तथ्यहरूको समग्र मूल्याङ्कन गर्दा निवेदकले आफ्नो तर्फबाट सम्पूर्ण आवश्यक प्रक्रिया पूरा गरेको तर सम्बन्धित प्रशासनिक निकायहरूले कानूनद्वारा अपेक्षित निर्णयात्मक दायित्व पूरा नगरी कर्तव्य पालना नगरेकोले निवेदकलाई प्राप्त हुनुपर्ने कानूनी तथा मानवीय अवसरको प्रभावकारी कार्यान्वयनमा प्रत्यक्ष असर पर्न गई निवेदकको माग कानूनसंगत, मानवीय तथा न्यायोचित देखिंदा जो जे निर्णय गर्नुपर्ने हो गरी रिट निवेदकहरुलाई संयुक्त राज्य अमेरिकामा पुनर्वासको निमित्त निकास अनुमतिपत्र (Exit Permit) दिनु दिलाउनु भनी प्रत्यर्थीहरुको नाममा परमादेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई आदेशको विद्युतीय प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी आदेशको पीठमा जनाउनु र प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(सपना प्रधान मल्ल)

न्यायाधीश

उक्त रायमा सहमत छु ।

(शान्तिसिंह थापा)

न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- गम्भीर घिमिरे

ईति सम्वत् २०८३ साल साउन २७ गते रोज ४ शुभम्----------।